**जिल्ला प्रशासन कार्यालय, काठमाडौं**
**इजलाश**
**प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल**
**फैसला**

सम्वत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.२१/६६ (हातहतियार)

दर्ता मिति :– २०७०/०३/०२

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.२८०९ , मिति :– २०७२/०१/०३

**वादी**
प्रहरी प्रतिवेदनले **नेपाल सरकार**...१
**निजको प्रमाण**
साक्षीः प्र.ना.नि.प्रविण जोशी,
प्र. ह. भविराम प्रधान

**प्रतिवादी**
लालबहादुर तामाङ्गको छोरा जि. सिन्धुली, कमलामाई न.पा.वडा नं.३ बस्ने वर्ष २३ को सूर्य तामाङ्ग भन्ने **सूर्यलाल तामाङ्ग**........... १
**निजको प्रमाण**
साक्षी : चन्द्रबहादुर भोलन

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. मिति २०७०।२।७ गते अं.१८.३० बजेको समयमा काठमाण्डौ जिल्ला, का.म.न.पा.-७ चावहिल गोपिकृष्णहल नजिक सार्वजनिक वाटोमा फेला परेका सूर्य तामाङको शरीर खानतलासी गर्दा निजले कम्मरमा बाँधी बोकेको अवस्थामा Tough–A/10010968 लेखेको खैरो झोला भित्र लुकाई राखेको अवस्थामा NO.100 Made in USA लेखेको पेस्तोल थान एक, पिधमा N0.100 लेखेको म्यागिजन थान २, Kf 94 9mm2z लेखेको गोली २ राउण्ड, 95 लेखेको गोली राउण्ड १, Kf 96 9mm2z लेखेको गोली १ राउण्ड, 9mm2z लेखेको अन्य अक्षर स्पष्ट नभएको गोली राउण्ड १ र C2–03 लेखेको नोकिया मोवाइल सेट थान १ समेत फेलापारी वरामद गरी मानिस समेत पक्राउ गरी कारवाहीका लागि पेश गरिएको भन्ने व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

२. रविन लामासँग विगत ६/७ महिना अगाडि चिनजान भएको थियो । मिति २०७०।२।७ गते रविन लामाले मलाई भेट्न वोलाएकाले जाँदा काठमाण्डौं, महांकालमा निजसँग भेट भयो । निजले मसँग पेस्तोल र गोलीहरु छ, किन्ने मान्छे सम्पर्कमा आएको छ, पाँच लाखमा खरिद गर्छु भनेको छ,

तिमीले सामान ल्याएर पुऱ्याई दिनु, तिमीले १० हजार राख्नु, बाँकी रु ४ लाख नब्बे हजार मलाई दिनु भनेका थिए । निजले आजै सामान लिन भक्तपुर सल्लाघारी जानुपर्छ भनेका थिए । सो दिन हामी दुवै जना भक्तपुरको सल्लाघारी गयौं । रविन लामाले मलाई सल्लाघारी स्थित बाटोमा राखी नचिनेको मान्छेको घरमा गई सामानहरु लिएर आए । खैरो रंगको कम्मरमा बाँधने झोलामा Made in USA लेखेको पेस्तोल थान १, ऐ.को म्याग्जिन २ था, गोली ५ राउण्ड थियो । रविन लामाले यो सामान लिएर चावहिलमा जानु मिलन भन्ने आउछ, निजलाई दिनु, निजले ५ लाख दिन्छ, रकम लिएर आउनु भनेर मिलनको मोवाइल नम्वर दिएर पठाए । त्यसपछि मैले सो सामनहरु लिएर मिति २०७०।२।७ गते बेलुका काठमाण्डौं जिल्ला, चावहिलमा पुगी मिलनलाई फोन गर्दा निजले गोपीकृष्ण हल अगाडी बोलाएपछि जाँदा सो ठाउमा प्रहरी आई मलाई पक्राउ गरी मैले कम्मरमा बाँधी बोकेको Made in USA लेखेको पेस्तोल थान १, ऐ.को म्याग्जिन २ थान र गोली राउण्ड ५ र नोकिया मोवाइल थान १ वरामद गरी लगेको हो, उक्त पेस्तोल, म्याग्जिन र गोली रविन लामाको हो, निजले कहाँबाट ल्याएका हुन् मलाई थाह छैन, उक्त पेस्तोल, म्याग्जिन र गोली विक्री गर्ने प्रयोजनका लागि साथमा बोकी हिडेको हुँ भन्ने समेतको व्यहोराको प्रतिवादी सूर्यलाल तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

३. प्रतिवादी सूर्यलाल तामाङ्गबाट वरामद भई परीक्षणको लागि प्राप्त हुन आएको पेस्तोल Local Made ( Home Made ) 9mm Caliber पेस्तोल हो, वरामद भएको म्याग्जिन २ वटा र गोलीहरु उक्त पेस्तोलमा प्रयोग हुन्छ भन्ने समेत व्यहोराको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला महाराजगन्ज, काठमाण्डौंको पत्र ।

४. मिति २०७०।२।७ गते अं. १८.३० बजेको समयमा काठमाण्डौं जिल्ला, का.म.न.पा.-७ चावहिल गोपिकृष्ण हल नजिक सार्वजनिक वाटोमा फेला परेका सूर्य तामाङ भन्ने सूर्यलाल तामाङ्गलाई प्रहरीले पक्राउ गरी निजको शरीरखानतलासी गर्दा निजले कम्मरमा बाँधी बोकेको खैरो झोला भित्र लुकाई राखेको अवस्थामा NO.100 Made in USA लेखेको पेस्तोल थान एक, म्याग्जिन थान २, गोली राउण्ड, र C2–03 लेखेको नोकिया मोवाइल सेट थान १ समेत फेला पारी वरामद गरेका हुन् । निज प्रतिवादीले उक्त वरामदी पेस्तोल, म्याग्जिन र गोलीहरु विक्री गर्ने प्रयोजनको लागि बोकी हिँडेको हो भन्ने खुल्न आएको हो भन्ने व्यहोराको जीवन थापा, रामशरण कार्की र काजिमान श्रेष्ठ समेतले गरि दिएको करिव एकै मिलानको व्यहोरा भएको कागज ।

५. मिति २०७०।२।७ गते अं.१८.३० बजेको समयमा काठमाण्डौं जिल्ला, का.म.न.पा.-७ चावहिल गोपिकृष्ण हल नजिक सार्वजनिक वाटोमा फेला परेका सूर्य तामाङको शरीर खानतलासी गर्दा निजले कम्मरमा बाँधी बोकेको Tough–A/10010968 लेखेको खैरो झोला भित्र लुकाई राखेको अवस्थामा NO.100 Made in USA लेखेको पेस्तोल थान एक, पिधमा N0.100 लेखेको म्याग्जिन थान २, Kf 94 9mm2z लेखेको गोली राउण्ड २, 95 लेखेको गोली राउण्ड १, Kf 96 9mm2z लेखेको गोली राउण्ड १, 9mm2z लेखेको अन्य अक्षर स्पष्ट नभएको गोली राउण्ड १ र C2–03 लेखेको नोकिया मोवाइल सेट थान १ समेत फेला पारी वरामद गरी मानिस समेत पक्राउ गरी कारवाहीका लागि पेश गरिएको भन्ने व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन, बुझिएका मानिसहरुले गरी दिएको कागज सनाखत कागज, प्रतिवादी सूर्यलाल तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज समेतका मिसिल संलग्न कागज प्रमाणहरुबाट यी प्रतिवादीले विना इजाजत अवैध रुपमा हातहतियार खरखजाना बोकी, साथी नविन तामाङले पठाएकोले बिक्री गर्न भनी हिंडिरहेको अवस्थामा पक्राउ परेको व्यहोरा निज स्वयंले स्वीकार गरेको समेत अवस्था देखिंदा निजले विना इजाजत अवैध हातहतियार खरखजाना बोकी विक्री गर्न हिडेको अवस्थामा पक्राउ परेको पुष्टि हुन आएकोले निजबाट भए गरेको उक्त कार्य हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(

२), ४(२) र ५(१) विपरितको कसुर अपराध देखिंदा निजलाई सोहि ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाय गरी वरामद हातहतियार तथा खरखजाना सोहि ऐनको दफा १६ बमोजिम जफत गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

६. मिति २०७०।२।७ गते म काठमाण्डौं जिल्ला, का.म.न.पा.-७ चावहिल गोपिकृष्ण सामुदायिक सेवा समिति अगाडि काभ्रे घर वताउने रविनले जरुरी काम छ भेट्न आउ भनी बोलायो । त्यसैले निजलाई भेट्न भनी उक्त स्थानमा गएका वखत निज रविनले मलाई एउटा कालो झोला दिई यो सामान मिलनलाई पुऱ्याई दिनु भनेकाले मैले उक्त झोला निज रविनबाट लिई रविनले मलाई मिलनको फोन नं. दिई तिमीसँगबाट झोला लिन आउछु भनेकाले म झोला बुझाउन पर्खि बसेका वखत मिलन आई नपुग्दै सादा पोशाककमा प्रहरीले उक्त गोपिकृष्ण हल नजिकबाट मैले बोकेको झोला लिई उनिहरुले झोला खोली हेर्दा उक्त झोला भित्र पेस्तोल एक थान, विभिन्न गोलीहरु, म्याग्जिन र नोकिया मोवाइल थान-१ समेत मेरो साथको व्यागबाट प्रहरीले वरामद गरेको हो । मैले मिलनलाई चिनेकोसम्म हो । निजको वतन जिल्ला काभ्रे भन्ने मात्र थाह छ । रविन र मिलनको मोवाइल नम्वर हाल प्रहरीमा रहेको मेरो मोवाइलमा छ । उक्त वरामद भएका हतियार र गोलीका वारेमा मलाई कुनै पूर्व जानकारी थिएन । साथी रविनको विश्वासमा परी निजले दिएको झोला बोक्दा परिवन्दमा परेको छु । उक्त हतियार र गोली मेरो होइन । पक्राउ पर्नु अगाडि मैले उक्त झोला खोलेर हेरेको थिइन । यस अघि अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान मलाई पढ्न नदिई सहीछाप गराएकोले त्यसमा उल्लेखित सम्पूर्ण व्यहोरा सत्य होइन भन्ने समेतको व्यहोराको प्रतिवादी सूर्यलाल तामाङ्गले यस कार्यालयमा गरेको बयान ।

७. यसमा यी प्रतिवादी सूर्यलाल तामाङ्गले वयान गर्दा वरामद भएको पेस्तोल, म्याग्जिन तथा गोलीहरु आफ्नो साथबाट बोकेको झोलाबाट वरामद भएको हो भनी स्वीकार गरी वयान गरेकाले पछि थप प्रमाण बुझी फैसला हुँदा ठहरे बमोजिम हुने गरी हाल निजलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४ क बमोजिम प्रस्तुत मुद्दाको पूर्पक्षको निम्ति थुनामा राखी कारवाही अगाडी बढाउनु भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०७०/०३/०२ को थुनछेक आदेश बमोजिम कारागार कार्यालय, डिल्लबिजारमा थुनामा बसेका रहेछन् ।

८. मिसिल संलग्न खानतलासी वरामदी मुचुल्का र प्रहरी प्रतिवेदन म समेत भई काम तामेल गरेको हो । त्यसमा भएको दस्तखत म समेतको हो । मिति २०७०।२।७ गते गोपिकृष्ण सामुदायिक सेवा समिति अगाडी सार्वजनिक स्थानमा यी प्रतिवादीलाई शंकास्पद अवस्थामा फेला पारी खानतलासी पूर्जि दिई निजको शरीर तलासी गर्दा निजले कम्मरमा बाँधी बोकेको खैरो रङ्गको झोलाबाट वरामदी मुचुल्का अनुसारका पेस्तोल थान १, म्याग्जिन थान १ र गोली राउण्ड ५ समेत निजबाटै वरामद गरेको हो । निज माथि कानून बमोजिम कारवाही हुनु पर्ने हो भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदक प्र.ना.नि. प्रविण जोशी र प्र.ह. भविराम प्रधानले यस कार्यालयमा गरेको छुट्टाछुट्टै वकपत्र ।

९. निज प्रतिवादी सूर्यलाल तामाङ मेरो सानै देखिको साथी हो । मैले जाने बुझेसम्म निजको चालचलन राम्रो छ, निज गाँउघरमा पनि मिलनसार व्यक्ति हुन् । निजको घरको आर्थिक अवस्था समेत राम्रो छ । निजलाई खान लाउन पुग्छ र निजको कसैको पनि तिर्न बुझाउन बाँकी छैन । निजले अवैध हतियार र

गोली राख्नु पर्ने कुनै आवश्यकता छैन । निजलाई रविन नाम गरेको व्यक्तिले आफ्नो हतियार लगि दिनु भनी अराएकाले सोही झोला लगि दिने क्रममा निज पक्राउ परेको भन्ने सुनेको हो । तसर्थ निजलाई सोही रविन भन्ने व्यक्तिले फसाएकाले प्रतिवादी सूर्यलाल तामाङलाई कारवाही हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सूर्यलाल तामाङका साक्षी चन्द्रबहादुर भोलनले यस कार्यालयमा गरेको वकपत्र ।

## ठहर

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।२।७ गते अं.१८.३० बजेको समयमा काठमाण्डौं जिल्ला, का.म.न.पा.-७ चावहिल गोपिकृष्ण हल नजिक सार्वजनिक वाटोमा फेला परेका सूर्य तामाङको शरीर खानतलासी गर्दा निजले कम्मरमा बाँधी बोकेको अवस्थामा Tough–A/10010968 लखेको खैरो झोला भित्र लुकाई राखेको अवस्थामा NO.100 Made in USA लेखेको पेस्तोल थान एक, पिधमा N0.100 लेखेको म्यागिजन थान २, Kf 94 9mm2z लेखेको गोली राउण्ड २, 95 लेखेको गोली राउण्ड १, Kf 96 9mm2z लेखेको गोली राउण्ड १, 9mm2z लेखेको अन्य अक्षर स्पष्ट नभएको गोली राउण्ड १ र C2–03 लेखेको नोकिया मोवाइल सेट थान १ समेत फेलापारी वरामद गरी मानिस समेत पक्राउ गरी कारवाहीका लागि पेश गरिएको भन्ने व्यहोराको खानतलासी वरामदी मुचुल्का भई सोको रोहवरमा यी प्रतिवादीले सहीछाप गरेको देखिदा निज प्रतिवादी सूर्यलाल तामाङलाई हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२), ४(२) र ५(१) विपरितको कसुर अपराधमा सोहि ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाय गरी वरामद भई आएको हातहतियार खरखजाना ऐ.दफा १६ बमोजिम जफत गरी पाँउ भन्ने अभियोग दावी रहेछ ।

११. यसमा प्रतिवादी सूर्यलाल तामाङले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१२. मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णयतर्फ विचार गर्दा मिति २०७०।२।७ गते अं.१८.३० बजेको समयमा काठमाण्डौं जिल्ला, का.म.न.पा.-७ चावहिल गोपिकृष्ण हल नजिक सार्वजनिक वाटोमा फेला परेका सूर्य तामाङको शरीर खानतलासी गर्दा निजले कम्मरमा बाँधी बोकेको अवस्थामा Tough–A/10010968 लखेको खैरो झोला भित्र लुकाई राखेको अवस्थामा NO.100 Made in USA लेखेको पेस्तोल थान एक, पिधमा N0.100 लेखेको म्यागिजन थान २, Kf 94 9mm2z लेखेको गोली राउण्ड २, 95 लेखेको गोली राउण्ड १, Kf 96 9mm2z लेखेको गोली राउण्ड १, 9mm2z लेखेको अन्य अक्षर स्पष्ट नभएको गोली राउण्ड १ र C2–03 लेखेको नोकिया मोवाइल सेट थान १ समेत फेलापारी वरामद गरी मानिस समेत पक्राउ गरी कारवाहीका लागि पेश गरिएको भन्ने व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का र सो मुचुल्काको रोहवरमा यी प्रतिवादीले सहीछाप गरेको देखिन्छ ।

१३. यी प्रतिवादी सूर्यलाल तामाङले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा काभ्रे नमोबुद्ध घर वताउने रविन लामाले मिति २०७०।२।७ गते मसँग भेट्नु छ, पेस्तोल र गोली किन्ने मानिस सम्पर्कमा आएको छ, तिमिले लगेर दिनु र उसले ५ लाख दिन्छ, तिमिले रु १० हजार राख्नु र बाँकी

४ लाख ९० हजार मलाई दिनु भने बमोजिम सोही दिन भक्तपुर सल्लाघारीमा मलाई लिएर गई सामान लिएर आएको, सामान हेर्दा खैरो रङ्गको झोलामा Made In USA लेखेको पेस्तोल, म्याग्जिन र गोली भएको, रविन लामाले उक्त पेस्तोल र गोली लिएर चावहिल जानु, मिलन भन्ने मान्छे लिन आउछ, निजलाई दिनु र रकम लिएर आउनु भनेकाले उक्त सामान बोकी चावहिल पुगी मिलन भन्नेलाई फोन गर्दा गोपिकृष्ण हल अगाडि आउनु भनेकाले सो ठाउँमा जाँदा प्रहरी टोली आई कम्मरमा बाँधी बोकेको पेस्तोल, गोली र म्याग्जिन वरामद गरी लगेको भनी खुलाई यस कार्यालयमा वयान गर्दा काभ्रे तिरका रविन भन्ने थर थाह नभएका मेरा साथीले उक्त दिन काम छ भनी बोलाई एउटा कालो झोला दिई उल्लेखित स्थानमा झोला बुझाउन पर्खि बसेको अवस्थामा सादा पोशाकमा आएका प्रहरीले मैले बोकेको झोला लिई खोली हेर्दा झोला भित्र पेस्तोल थान १, म्याग्जिन थान १ र गोलीहरु समेत मेरो साथबाट वरामद गरी लगेको हो । साथी रविनको विश्वासमा परी निजले दिएको झोला बोक्दा परिवन्दमा परेको हुँ । हतियार गोली मेरो होइन, रविनले सामान नदेखाई मलाई दिएको हो । उक्त झोला पहिले खोली हेरेको थिइन भनी आपुले बोकेको झोलाबाट पेस्तोल तथा गोलहिरु वरामद भएको तथ्यमा सावित रही वयान गरेका छन् ।

१४. वादी नेपाल सरकारका साक्षी प्रहरी प्रतिवेदक प्र.ना.नि. प्रविण जोशी र प्र.ह.भविराम प्रधानले यस कार्यालयमा उपस्थित भई वरामदी मुचुल्कामा उल्लेख भएका पेस्तोल, गोली लगायतका चिजवस्तु प्रतिवादी सूर्यलाल तामाङले कम्मरमा बाँधी बोकेको अवस्थामा वरामद भई निजलाई समेत पक्राउ गरेको भनी गरेको वकपत्र र वरामद भई आएका पेस्तोल तथा गोली चालु अवस्थामा रहेको भन्ने परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेबाट प्रतिवादी सूर्यलालको साथबाट हातहतियार खरखजाना वरामद भएको तथ्यमा कुनै विवाद रहेन ।

१५. प्रतिवादीले साथीले दिएको झोला अर्कै व्यक्तिलाई बुझाउन पर्खी बसेको अवस्थामा प्रहरीले पक्राउ गरी पेस्तोल र गोली वरामद गरेको तर पेस्तोल र गोली आफ्नो नभएको र आफुले पहिले नदेखेको, को कसले उक्त सामान झोलामा राखी दिए थाह नभएको भन्ने जिकिर लिएता पनि निजका साथ स्वामित्व (Possession) बाट वरामद भएको चिजवस्तुका बारेमा निजलाई थाह थिएन भनी विश्वास गर्न सकिदैन । निजका साक्षीले यस कार्यालयमा वकपत्र गर्दा आफुले देखे जानेको विषय भन्दा पनि प्रतिवादीको आचरण र सुनी थाह पाएका कुराहरुमा मात्र केन्द्रित रहेको देखिन्छ, जुन कथनले कुनै प्रामाणिक महत्व राख्न सक्दैनन् । **सजाँयमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको नै हुने** व्यवस्था प्रमाण ऐन, २०३१ को दफा २७ मा गरिएको छ । त्यसै गरी **कानुनले प्रतिवन्धित चिज वा वस्तु कसैको साथबाट वा बासस्थान आदिबाट वरामद हुन्छ भने त्यस्तो आपराधिक वस्तु कसरी रहन आयो त्यसको सन्तोषजनक र मनासीव माफिकको जवाफ वा प्रमाण दिने भार त्यस्तो वस्तु वरामद गरिएको व्यक्तिमा रहन्छ । यस कार्यलाई प्रमाणको भार Shift गरिएको वा यस्तो व्यवस्थाले आफ्नो विरुद्ध आफैं साक्षी हुने अधिकार हनन गरेको भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट नजीर समेत प्रतिपादन भएको पाईन्छ  निलम पौडेलसमेत वि. मन्त्रिपरिषद्को कार्यालय, मुद्दाः उत्प्रेषण, ने.का.प. २०६७, माघ, पृ.१६४१) । यस मुद्दामा प्रतिवादीले आफ्नो साथबाट खरखजाना वरामद भएको तथ्यमा सावित रहेका छन् । वरामद भएको गोलीको सम्वन्धमा निजले लिएको जिकीर विश्वसनीय र चित्तबुझ्दो देखिन आएन । अन्य कुनै व्यक्तिले झुक्याएर

निजलाई पेस्तोल र गोली राख्न दिएको भन्ने तथ्य स्थापित नभएसम्म सो चिजवस्तुको धनी यीनै प्रतिवादी हुन् भन्नेमा कुनै द्विविधा रहेन ।

१६. तसर्थ मिति २०७०।२।७ को खानतलाशी वरामदी मुचुल्का, प्रतिवादीले अनुसन्धानका क्रममा र यस कार्यालयमा तथ्यमा सावित रही गरेको वयान, वादी पक्षका साक्षीको वकपत्र समेतका मिसिल संलग्न कागजातहरुका आधारमा प्रतिवादी सूर्यलाल तामाङले हातहतियार खरखजना ऐन, २०१९को दफा ३(२),४(२) र ५(१) विपरित विना लाइसेन्स हातहतियार खरखजाना आफुसाथ राखी, साथमा लिइ हिडी अभियोग दावी बमोजिम कसुर गरेको ठहर्छ । सो ठहर्नाले सजाय तर्फ विचार गर्दा निज प्रतिवादी मिति २०७०।२।७ मा पक्राउमा परी यस कार्यालयको मिति २०७०।३।२ को आदेश अनुसार मुद्दा पूर्पक्षका लागि थुनामा बसी रहेको, आज यस इजलाश समक्ष प्रतिवादीले भविष्यमा आफु सुधिएर सत्कर्ममा लाग्ने छु, कैद नगरी जरिवाना गरी पाउँ भनी अनुरोध गरेकाले निजको उमेर समेतलाई ध्यानमा राख्दा सुध्रन सक्ने अवस्था देखिएकाले कैदको सजाय गर्नु भन्दा जरिवाना गर्नु न्यायोचित देखिनुका साथै न्यायको उद्धेश्य समेत पुरा हुने भएकाले निजलाई ऐ. ऐनको दफा २०(२) बमोजिम रु ९५,०००।-( पन्चानब्बे हजार रुपैयाँ ) र ऐ दफा २०(३) बमोजिम रु ५५,०००।- (पचपन्न हजार रुपैयाँ) गरी जम्मा रु. १,५०,०००/- (एक लाख पचास हजार रुपैयाँ ) जरिवाना हुन्छ । वरामद भई आएको पेस्तोल, म्यागिजन तथा गोली ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसिल

- प्रतिवादी सूर्य तामाङ्ग के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम लाई रु १,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ) जरिवाना हुने ठहरेकोले निजलाई ठहरेको जरिवाना अ.वं.१२० तथा दण्डसजायको महलको ५३ नं. बमोजिम दाखिला गरे थुना मुक्त गर्न लेखि पठाउनु, जरिवाना दाखिला नगरे मु.ऐ. दण्ड सजाय महलको ३८ नं.बमोजिम कैदीपूर्जि दिनु..........................१
- प्रस्तुत फैसला उपर चित्त नबुझेमा ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी सूर्यलाल तामाङलाई पुनरावेदन म्याद दिनु.................२
- वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु............................३
- जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ..........४
- सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू...........................................................................................................५
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ...........................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु.भुवराज घिमिरे
प्रशासकीय अधिकृत : कृष्ण गैह्रे
इति सम्वत् २०७२ साल बैसाख ०३ गते रोज ५ शुभम् ......................

.................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी